"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्विसहितको भद्रपुर नगर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
प्रदेश नं.-१, नेपाल

## दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७८।१०।१७**

यस भद्रपुर नगरपालिका कार्यालयका लागि आवश्यक तपसिल बमोजिमका सामानहरु यस नगरपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा न.पा.कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले फर्म दर्ताको प्रमाण पत्र , मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व.०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्र सहित विद्युतिय माध्यमवाट मिति २०७८।७।१२ गते प्रथम पटक दरभाउपत्र दाखिला गर्न आह्वान गरिएकोमा तोकिएको ससमयमा कुनै पनि दरभाउपत्र रितपुर्वकको पेश हुन नआएको हुदा पुन: यो दोश्रो पटक (पन्ध्र) दिने सूचना प्रकाशित गरिएकोले तपसिलका शर्तहरुको अधिनमा रहि दरभाउपत्र प्रक्रियामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | सामानको विवरण | इकाई | परिमाण | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | **सडक बत्तीमा प्रयोग हुने विद्युतीय सामग्रीहरु (एल.ई.डी बल)** मात्र | थान | ९५०० | ४९,५००।०० | |

१) दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :- २०७८।११।०२ गते कार्यालय समयसम्म, रु.१,०००।- एक हजार मात्र (फिर्ता नहुने गरी) ।

२) दरभाउपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :२०७८।११।०३ गते दिनको १२.०० बजे सम्म भद्रपुर न.पा.कार्यालयमा ।

३) दरभाउपत्र फाराम खोल्ने मिति, समय र स्थान :-२०७८।११।०३ गते दिनको १.०० बजेपछि, भद्रपुर न.पा.कार्यालयमा ।

४) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

५) विस्तृत जानकारीका लागि न.पा.कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

६) आफूले पेश गरेको दरभाउपत्रको दर मूल्य अभिवृद्धि कर बाहेकको पेश गर्नु पर्नेछ ।

F:\जिन्सि\letters in long pad for notice_goods.doc

प्रमुख प्रशासकीय अधिकृत

७) दरभाउपत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ।

८) दरभाउपत्र फाराम पेश गर्दा सो साथ कार्यालयले माग गरे अनुसारको धरौटी रकम यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं.२२१०१००३०३००००३ (**कार्यालय कोड नं.८०१०१११२**) मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

१०) रितपूर्वक पेश नभएको, म्याद भित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

११) दरभाउपत्र स्वीकृत भएपछि नगरपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको मिति (म्याद)मा उपस्थित भई सम्झौता गर्नु पर्नेछ । समयमा उपस्थित नभई सम्झौता नगरेमा यस कार्यालयमा उक्त कामका लागि राखिएको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

१२) दरभाउपत्रमा उल्लेख भए बमोजिम कम्पनी तथा ब्राण्डको मालसामान बाहेक अन्य मालसामान न.पा.ले स्वीकार गर्ने छैन ।

१३) तोकिएको समयमा तोकिएको परिमाणको उल्लेखित कम्पनी र ब्राण्डको मालसामान सप्लाई नगरेमा न.पा.ले ठेक्का तोडी धरौटी जफत गर्नेछ ।

१४) विद्युतीय सामग्रीहरु (एल.ई.डी बल सामानको बिल भुक्तानी गर्दा नियामनुसार रि-टेन्सनमनि वापतको रकम कट्टा गरिनेछ ।

१५) सामान आपूर्ति गर्दा लाग्ने भाडा सामान आपूर्तिकर्ता स्वयंले बेहोर्नु पर्नेछ ।

१६) नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कुनै पनि कर बुझाउनु परेमा आपूर्तिकर्ता स्वयंले बुझाउनु पर्नेछ । न.पा.जवाफदेही हुने छैन ।

१७) नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ ।

१८) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न.पा.मा सुरक्षित रहनेछ ।

१९) यस शर्त र बन्देज भित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

२०) विस्तृत जानकारीका लागि न.पा.कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

..............................
(टेककुमार रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

F:\जिन्सि\letters in long pad for notice_goods.doc